नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ ३२ गते २०२२ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

देहायका विकास जिल्ला तथा ठाउहरूमा निजामती कर्मचारीहरूलाई शुरू तलब-स्केलको प्रतिशतले ०२२।२।४।२ देखि निम्न लेखिएबमोजिम भत्ता दिने श्री ५ को सरकारले निर्णय गरेको छ । मिति ०२०।६।१४ संख्या २५ खण्ड १३ को नेपाल गजेट भाग ४ मा प्रकाशित महंगी भत्ता दिनेबारेको यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

भत्ता खर्च लेख्ने सम्बन्धित अड्डाहरूले बसलाई अर्थ मन्त्रालयको दरवन्दी निकासा कायम गरी खर्च लेखी खाने खुवाउने गर्नुपर्दछ ।

१, स्थानीय कर्मचारी बाहेक अरूले मात्र देहायबमोजिम दुर्गमस्थान भत्ता पाउने छन्:-

(क) ५० प्रतिशतका दरले पाउने जिल्ला

(१) बैतडीमा:- व्यास गर्खा ।

(२) गोरखामा:- लार्के भोट (१८ सय खोला) ।

(३) ताप्ले जुंङमा:- ओलाङचुङ गोला ।

(४) दोलखामा:- लामाबगर ।

अधिकारिकता मुद्रण पश्चात प्रमाणित मानिएपछि मात्र लागु हुनेछ।

(५) संखुवा सभामाः– संखुवा उत्तर ।

(६) जुम्ला, हुम्ला, मुगु, तिब्रिकोट, डोल्पा, मुस्ताङ, मनाङ सोलुखुम्बु र रसुवा विकास जिल्लाहरू ।

(ख) ४० प्रतिशतका दरले पाउने जिल्ला

(१) सिन्धुपाल्चोकमाः– तातापानी ।

(२) बझाङ, बाजुरा, अछाम, डोटी, दैलेख, जाजरकोट, रूकुम, रोल्पा, ओखलढुंगा, दिकतेल, संखुवासभा, तेन्हथुम, ताप्लेजुङ, र पांचथर विकास जिल्लाहरू ।

(ग) २५ प्रतिशतका दरले पाउने जिल्ला

अर्घाखाची, गुल्मी, बाग्लुंङ, स्याङ्दी, स्याङजा, पर्वत, लमजुङ, तनहुं, गोरखा, दोलखा, रामेछाप, भोजपुर, र धनकुटा विकास जिल्लाहरू ।

२, देहायका जिल्लाका कर्मचारीले देहायबमोजिम महंगी भत्ता पाउने छन्:–

(क) ३० प्रतिशतका दरले पाउने जिल्ला

ताप्लेजुङ, पांचथर, संखुवासभा, सोलुखुम्बु, दिकतेल, ओखलढुंगा, दोलखा, रामेछाप, रसुवा, मनाङ्ग, कास्की, पर्वत, स्याङजा, गुल्मी, मुस्ताङ, डोल्पा, स्याङ्दी, बाग्लुङ, रुकुम, रोल्पा, हुम्ला, मुगु, तिब्रिकोट, जुम्ला, बाजुरा, बझाङ, अछाम, डोटी, दार्चुला, बैतडी, डडेलधुरा ।

(ख) २० प्रतिशतका दरले पाउने जिल्ला

तेन्हथुम, उदयपुर, सिंधुली, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग, काभ्रे, गोर्खा, लमजुङ, तनहुं, पाल्पा, अर्घाखाची, सल्यान, प्यूठान, जाजरकोट, दैलेख ।

(ग) १५ प्रतिशतका दरले पाउने जिल्ला

इलाम, झापा, धनकुटा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सकवानपुर, चितौन, रौतहट, बारा, पर्सा, नवलपुर, परासी, रुपन्देही, कपिलवस्तु, दाङ, देउखुरी, वांके बर्दिया, कैलाली,कंचनपुर ।

३. दैनिक तथा फील्ड भत्ता पाएका बखत दुर्गमस्थान भत्ता महंगी भत्ता पाउने छैन ।

आज्ञाले–

डा. यादवप्रसाद पन्त,

श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।